# मेलम्ची नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

मेलम्ची, सिन्धुपाल्चोक
३ नं प्रदेश, नेपाल
स्थापना २०७३

मिति : २०७६।८।१९

पत्र संख्या : २०७६/०७७
चलानी नं. 563

## मेलम्ची नगर कार्यपालिकाको कार्यालयको सूचना

श्री सार्वजनिक जग्गा भोगचलन गर्दै आउनुभएका सबै व्यक्तिहरू

विषय : सार्वजनिक जग्गा भोगचलन नगर्नु/नगराउँनुहुन ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ उपदफा (२) क (छ) र (ट) मा भएको व्यवस्था बमोजिम सार्वजनिक, ऐलानी र पर्ति जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा गर्ने तथा अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने काम, कर्तव्य र अधिकार यस नगरपालिकाको भएको हुँदा मेलम्ची नगरपालिका वडा नं. ११ स्थित सिम्ला बगर क्षेत्र, मेलम्ची नगरपालिका वडा नं. १० स्थित मेलम्ची सिटी पार्कसंग सिमाना जोडिएको सुकौरा बगर क्षेत्र र नगरपालिका भित्रका अन्य सार्वजनिक जग्गाको उपयोग गरी हालसम्म भोगचलन गर्दै आउनुभएका व्यक्तिहरूलाई आफुले भोगचलन गरेको सार्वजनिक जग्गामा कुनै पनि किसिमको बाली नाली नलगाउनुहुन र भोगचलन गरेको जग्गा खाली गरिदिनुहुन सम्बन्धित सबैलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ । अन्यथा मेलम्ची नगरपालिकाको अनुमति बिना भोगचलन गरेमा पाइएमा प्रचलित कानून बमोजिम हुने व्यहोरा समेत अनुरोध छ ।

............................
(जयराम गजुरेल)
निमित्त प्रमुख प्रशासकीय अधिकृत